# वन्यजन्तु उद्धार एवं उद्धार केन्द्र व्यवस्थापन कार्यविधि, २०७३

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

# वन्यजन्तु उद्धार एवं उद्धार केन्द्र व्यवस्थापन कार्यविधि, २०७३

नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

प्रकाशक : नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं

स्वीकृत मिति : २०७३/६/१८

निर्णयस्तर : नेपाल सरकार (मा. मन्त्रीस्तर)

प्रकाशित प्रति : १०००

मुद्रण : सिग्मा जनरल अफसेट प्रेस
सानेपा, ललितपुर

# वन्यजन्तु उद्धार एवं उद्धार केन्द्र व्यवस्थापन कार्यविधि, २०७३

**प्रस्तावना :**

नेपालको कुल भू-भागको ४३.७४ प्रतिशत भू-भाग वन क्षेत्र भएको पछिल्लो तथ्यांकले देखाएको छ। देशको कूल भू-भागको २३.३९ प्रतिशत भू-भाग संरक्षित क्षेत्र प्रणालीभित्र पर्दछ । पछिल्लो समयमा जैविक विविधता संरक्षण कार्यमा नेपालले महत्वपूर्ण उपलब्धि हासिल गर्दै अग्रणी भूमिका निर्वाह गर्दै आएको छ। बाघ, गैंडा, हात्ती लगायतका दुर्लभ र लोपोन्मुख वन्यजन्तुको संख्या उल्लेख्य रूपमा वृद्धि भएको छ। यसको साथै मानव-वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन, वन्यजन्तुको चोरी शिकार तथा यिनका अङ्गको अवैध व्यापार एवं समस्याग्रस्त वन्यजन्तुको उद्धार र उचित व्यवस्थापन गर्दै जानु पर्ने आजको आवश्यकता रहेको छ।

मानव-वन्यजन्तु द्वन्द्वका कारण एकातिर धनजनको क्षति हुने र अर्कोतिर वन्यजन्तुप्रति हुने प्रतिशोधपूर्ण व्यवहारबाट वन्यजन्तुलाई क्षति पुग्ने क्रियाकलाप समेत हुँदै आएको छ। मानव-वन्यजन्तुको वीचमा देखिएको विद्यमान द्वन्द्वलाई न्यूनीकरण गर्ने उद्देश्यले विभिन्न निरोधात्मक उपाय एवं वन्यजन्तुबाट भएको क्षतिको राहत उपलब्ध गराउने नीति अवलम्बन गरिएको छ। टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार, उपचार र व्यवस्थापन गर्न तथा विभिन्न कारणबाट उद्धार गरिएका वन्यजन्तुको संरक्षण, ओसारपसार, उद्धार केन्द्र स्थापना तथा संचालन, मृत्यु भएपछि आखेटोपहार प्रयोगमा आउन नसक्ने गरी पारदर्शी रुपमा नष्ट गर्नु पर्ने आवश्यकता भएकोले **"वन्यजन्तु उद्धार एवं उद्धार केन्द्र व्यवस्थापन कार्यविधि २०७३"** सम्बन्धि कार्यविधि जारी गरिएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "**वन्यजन्तु उद्धार एवं उद्धार केन्द्र व्यवस्थापन कार्यविधि २०७३**" रहेको छ ।

(२) यो कार्यविधि नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयबाट स्वीकृत भएको मिति देखि नेपाल भर लागू हुनेछ ।

## २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यविधि"** भन्नाले वन्यजन्तु उद्धार एवं उद्धार केन्द्र व्यवस्थापन कार्यविधि,२०७३ लाई जनाउँदछ ।

(ख) **"व्यवस्थापन समिति"** भन्नाले यस कार्यविधिको दफा १० बमोजिम गठित समितिलाई जनाउँदछ ।

(ग) **"घाइते तथा अशक्त वन्यजन्तु"** भन्नाले वन्यजन्तु-वन्यजन्तुबीचको द्वन्द्व, मानव-वन्यजन्तु द्वन्द्व, चोरी शिकारीबाट घाइते, प्राकृतिक प्रकोपबाट घाइते, अंगभङ्ग भएको तथा बिरामी वन्यजन्तुलाई जनाउँदछ ।

(घ) **"टुहुरा वन्यजन्तु"** भन्नाले माउसँग छुट्टिएर बेवारिसे अवस्थामा फेला परेका वन्यजन्तुका बच्चा (अर्ध वयस्क) हरूलाई जनाउँदछ ।

(ङ) **"समस्याग्रस्त वन्यजन्तु"** भन्नाले प्राकृतिक वासस्थान भन्दा वाहिर मानव बस्तीमा आई पटक-पटक धनजनको क्षति पुऱ्याउने वन्यजन्तुलाई जनाउँदछ ।

(च) **"वन्यजन्तु"** भन्नाले घरपालुवा बाहेक जुनसुकै जातिको स्तनधारी जन्तु (म्यामल्स), पंक्षी (एभ्स), घस्रिने जन्तु (रेप्टायल्स), माछा (पिसीज), भ्यागुता जाति (एम्फिवियन्स) र कीरा फट्यांग्रा (इन्सेक्ट्स) लाई सम्झनु पर्छ र सो शब्दले फुल पार्ने जन्तुको फुलसमेतलाई जनाउँदछ ।

(छ) **"आखेटोपहार"** भन्नाले वन्यजन्तुको जीवित वा मृत शरिर वा चिन्हिन सकिने अवस्थामा रहेको तिनीहरुको शरीरको कुनै अङ्गलाई सम्झनु पर्दछ ।

(ज) **"वन्यजन्तु उद्धार"** भन्नाले कुनै पनि कारणबाट समस्यामा परेका वन्यजन्तुको हितमा गरिने कार्यलाई जनाउँदछ ।

(झ) **"केन्द्र"** भन्नाले उद्धार गरिएका वन्यजन्तुको व्यवस्थापनको लागि छुट्याइएको उद्धार केन्द्रलाई जनाउँदछ ।

(ञ) **"कोष"** भन्नाले राष्ट्रिय प्रकृति संरक्षण कोषलाई जनाउँदछ ।

(ट) **"मन्त्रालय"** भन्नाले वन तथा भू-संरक्षण मन्त्रालयलाई जनाउँदछ ।

(ठ) **"विभाग"** भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई जनाउँदछ ।

(ड) **"क्षेत्रीय"** भन्नाले ५ वटै क्षेत्रीय वन निर्देशनालयलाई जनाउँदछ ।

(ढ) **"संरक्षित क्षेत्र"** भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रलाई जनाउँदछ ।

(ण) **"उद्धार गर्ने क्षेत्र"** भन्नाले संरक्षित क्षेत्र, शहर/गाउंबस्ती, राष्ट्रिय वन क्षेत्र, समुदायबाट व्यवस्थित वन क्षेत्रलाई सम्झनु पर्दछ ।

## ३. कार्यविधिको आवश्यकता :

(क) नेपाल सरकार, स्थानीय समुदाय तथा संरक्षणका साझेदार संस्थाहरूको लगानी तथा सहभागिताबाट जैविक विविधता संरक्षणमा भएको महत्वपूर्ण उपलब्धि संगसंगै बाघ, गैंडा र हात्ती लगायतका दूर्लभ र लोपोन्मुख वन्यजन्तुको संख्या उल्लेख्य रूपमा वृद्धि हुंदै आएको छ । वन्यजन्तुको संख्यामा आएको वृद्धिसँगै देखिएको मानव-वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन एवं समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापनका समस्या र चुनौतिको सम्बोधन गरी मानव-वन्यजन्तु वीच सह-अस्तित्व कायम गर्न ।

(ख) समस्याग्रस्त वन्यजन्तुको उद्धार, उपचार र व्यवस्थापनका लागि स्रोत-साधन र दक्ष जनशक्तिको दीगो व्यवस्था गरी टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार, उपचार र व्यवस्थापन गर्दै विभिन्न कारणबाट उद्धार गरिएका वन्यजन्तुको संरक्षण, अनुसन्धान, ओसारपसार, उद्धार केन्द्र स्थापना तथा संचालन एवं वन्यजन्तुको मृत्यु भएपछि गरिने प्रक्रिया समेतलाई सरल र सहज गराई पारदर्शिता कायम गर्न ।

## ४. कार्यविधि निर्माणको आधार :

(क) नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको तत्काल सुधारको त्रिवर्षीय कार्ययोजना (आ.व.२०७२।७३-२०७४।७५) मा घाइते तथा टुहुरा वन्यजन्तुहरुको उद्धार केन्द्र विकेन्द्रित रुपमा स्थापना एवं व्यवस्थापन गर्ने भनी उल्लेख भएको ।

(ख) वन नीति, २०७१ को नीति नं.२ को कार्यनीति (११) मा टुहुरा, घाइते र समस्याग्रस्त वन्यजन्तुको लागि उद्धार केन्द्र र वन्यजन्तुको उपचार केन्द्रको स्थापना र विस्तार गरिनेछ भनी उल्लेख भएको ।

(ग) आ.व.२०७२।७३ को नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयको बजेटको नीति तथा कार्यक्रममा कोशीटप्पु वन्यजन्तु आरक्षमा उद्धार केन्द्र स्थापना गर्ने भनी समावेश भएको ।

(घ) नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालय (सचिवस्तर) को मिति २०७३।२।२० को निर्णयानुसार विगतमा मृग अनुसन्धान केन्द्रको रुपमा व्यवस्थापन गरिएको ललितपुर जिल्लाको गोदावरीलाई वन्यजन्तु उद्धार केन्द्रको रुपमा विकास र व्यवस्थापन गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई निर्देशन भएको ।

## ५. केन्द्रको उद्देश्य :

(क) टुहुरा, असहाय, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार, उपचार र व्यवस्थापन गर्ने ।

(ख) उद्धार गरिएका वन्यजन्तुको पालनपोषण गरी पुनः प्राकृतिक बासस्थानमा छोड्ने ।

(ग) स्वास्थ्यका कारणले प्राकृतिक वासस्थानमा पुर्नस्थापना गर्न नसकिने वन्यजन्तुलाई वर्गिकरण गरी पालनपोषण गरी राख्ने व्यवस्था मिलाउने ।

(घ) स्वस्थ्य वन्यजन्तुलाई शैक्षिक प्रयोजनको लागि अध्ययन अनुसन्धान र संरक्षण शिक्षा अर्न्तगत आगन्तुकहरुलाई अवलोकन गराउने वा सो प्रयोजनको लागि प्राणी उद्यानहरुलाई कानून बमोजिम उपलव्ध गराउने ।

## ६. केन्द्र व्यवस्थापन गर्ने आम्दानीका स्रोतहरू :

केन्द्रको स्थापना र सञ्चालनका लागि देहायका स्रोतबाट रकम प्राप्त गरी परिचालन गरिनेछ,

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम (वार्षिक कार्यक्रममा समावेश गरी अनुदान उपलव्ध गराउन सक्ने),

(ख) राष्ट्रिय प्रकृति संरक्षण कोषबाट प्राप्त रकम,

(ग) जैविक विविधता संरक्षण क्षेत्रमा संलग्न विभिन्न संघ, संस्थाबाट प्राप्त रकम,

(घ) अन्तर्राष्ट्रिय संघ, संस्था र दाताहरूबाट प्राप्त रकम,

(ङ) निजी क्षेत्रबाट प्राप्त रकम,

(च) केन्द्र प्रवेश शुल्कबाट प्राप्त हुने रकम,

(छ) स्थानीय तह (गाउँपालिका, नगरपालिका, जिल्ला विकास समिति) बाट प्राप्त हुन सक्ने अनुदान,

(ज) अन्य स्रोतबाट प्राप्त हुने रकम आदि ।

## ७. केन्द्रको स्थापना र सञ्चालन :

(क) नेपाल सरकारको पूर्ण स्वामित्वमा रहने गरी राष्ट्रिय वन क्षेत्र, संरक्षित क्षेत्र, समुदायबाट व्यवस्थापन गरिएका सामुदायिक वन लगायतको क्षेत्रमा केन्द्रको स्थापना र सञ्चालनको कार्य विभाग आफैंले वा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र राष्ट्रिय प्रकृति संरक्षण कोषको वीचमा भएको सम्झौता बमोजिम कोषले गर्नेछ ।

(ख) प्रचलित कानून बमोजिम आर्थिक कारोबार सञ्चालन गर्ने, आम्दानी खर्चको हिसाब किताब सहितको स्रेस्ता राख्ने, लेखापरीक्षण गराउने लगायतको सम्पूर्ण जिम्मेवारी केन्द्र व्यवस्थापन गर्ने निकायको हुनेछ ।

(ग) केन्द्रको स्थापना र सञ्चालनको लागि नेपाल सरकारले विभाग मार्फत कोषलाई सम्झौता बमोजिम अनुदान रकम उपलव्ध गराउन सक्नेछ ।

(घ) केन्द्रको वार्षिक प्रतिवेदन व्यवस्थापन समितिको संयोजक मार्फत वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन विभाग र सम्बन्धित क्षेत्रीय वन निर्देशनालयहरुमा पेश गर्नेछ ।

## ८. केन्द्र व्यवस्थापनको लागि हुने खर्चका शीर्षकहरू :

(क) केन्द्रमा राख्नु पर्ने वन्यजन्तुको प्रजाति अनुसार आवश्यक पर्ने भौतिक पूर्वाधारहरु जस्तै भवन, उपचार गर्ने कोठा, इन्क्लोजर, केन्द्र परिसरको सुरक्षाको लागि पर्खाल वा तारबारहरु आदि निर्माण गर्न ।

(ख) केन्द्रको व्यवस्थापनको लागि खटिने प्राविधिकहरुको आवास लगायतका पूर्वाधारहरु निर्माण गर्न ।

(ग) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार, उपचार तथा व्यवस्थापन गर्न ।

(घ) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरू घाइते भएमा उपचार गर्न ।

(ङ) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार र व्यवस्थापन कार्यमा संलग्न कर्मचारीहरूको यातायात तथा दैनिक भ्रमण भत्ता लगायतमा खर्च गर्न ।

(च) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार, उपचार र व्यवस्थापन कार्य गर्नका लागि आवश्यक पर्ने थप दक्ष जनशक्ति करारमा लिंदा लाग्ने खर्च गर्न ।

(छ) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार, उपचार र व्यवस्थापन कार्यमा प्रयोग हुने औषधि, औजार, उपकरण, यातायात, वन्यजन्तुको खानाको लागि लाग्ने खर्चहरू गर्न ।

(ज) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार, उपचार र व्यवस्थापन कार्यमा प्रयोग हुने **"वन्यजन्तु उद्धार सवारी साधन"** खरिद र त्यसको सञ्चालनमा लाग्ने खर्च ।

(झ) केन्द्रको विभिन्न कार्यक्रम सञ्चालन गर्न केन्द्र व्यवस्थापन समितिले निर्णय गरे बमोजिम लाग्ने अन्य खर्च गर्न ।

(ञ) स्थलगत उद्धार कार्यमा जाँदा खर्च भएको बील भर्पाइ लगायत कागजातहरूको सक्कलै प्रति बुझाउनु पर्नेछ । त्यसका अतिरिक्त समस्या भएको क्षेत्रमा पुगी उद्धार कार्य गरिएको प्रमाणित कागजातहरू समेत पेश गर्नु पर्नेछ ।

(ञ) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरुको उद्धारमा खटिने कर्मचारीहरुको विमा वापतको रकम ।

(ट) सम्पूर्ण खर्चको प्रक्रिया केन्द्र व्यवस्थापन गर्ने निकायले प्रचलित कानून बमोजिम गर्नेछ ।

## ९. केन्द्र व्यवस्थापनको लागि कर्मचारीको व्यवस्था :

(क) केन्द्र व्यवस्थापनको लागि विभागको अगुवाईमा भर्ना टोली गठन गरी कोषको विनियम अनुसार कर्मचारी करारमा राखिनेछ ।

(ख) करारमा लिइने कर्मचारीहरूको सेवाका शर्त तथा सुविधा कोषको कर्मचारी प्रशासन र आर्थिक प्रशासन सम्बन्धी विनियम बमोजिम हुनेछ ।

## १०. केन्द्र व्यवस्थापन समिति :

(१) विभिन्न कारणबाट उद्धार गरिएका वन्यजन्तुलाई वन्यजन्तु उद्धार केन्द्रमा राखी व्यवस्थापन गर्नको लागि निर्णय, मार्गनिर्देश एवं अनुगमन गर्नका लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति रहेनछ ।

| | |
|---|---|
| (क) उपमहानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | संयोजक |
| (ख) उपमहानिर्देशक, वन विभाग | सदस्य |
| (ग) उपसचिव प्रतिनिधि, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| (घ) अधिकृत प्रतिनिधि, सम्बन्धित क्षेत्रको क्षेत्रीय वन निर्देशनालय | सदस्य |
| (ङ) उद्धार केन्द्र रहेको जिल्लाको जिल्ला वन अधिकृत/प्रमुख संरक्षण अधिकृत | सदस्य |
| (च) अधिकृत प्रतिनिधि, राष्ट्रिय प्राणी उद्यान | सदस्य |
| (छ) निर्देशक प्रतिनिधि, राष्ट्रिय प्रकृति संरक्षण कोष | सदस्य |
| (ज) राष्ट्रिय प्रकृति संरक्षण कोष-सदर चिडियाखानाको प्रमुख | सदस्य |
| (झ) राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले तोकेको उपसचिव (प्रा.) स्तरको अधिकृत प्रतिनिधि | सदस्य सचिव |

(२) व्यवस्थापन समितिको बैठक वर्षमा कम्तिमा ३ पटक अनिवार्य र आवश्यकतानुसार बस्न सक्नेछ ।

(३) व्यवस्थापन समितिको बैठकको कार्यविधि समिति आफैंले तय गर्न सक्नेछ ।

(४) व्यवस्थापन समितिको खर्च नियमानुसार केन्द्रको रकमबाट हुनेछ ।

(५) व्यवस्थापन समितिको निर्णयको लागि कम्तिमा ५ जना पदाधिकारीको उपस्थिति हुनु पर्नेछ ।

(६) कोष मार्फत व्यवस्थापन हुने केन्द्रको हकमा बुंदा नं.१ को संरचना कार्यान्वयन गर्दा विभाग र कोषको वीचमा भएको सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

## ११. केन्द्र निर्देशन समिति :

(१) उद्धार गरिएका वन्यजन्तुलाई उद्धार केन्द्रमा राखी व्यवस्थापन गर्न देहाय बमोजिमको एक निर्देशन समिति रहेनछ ।

| | |
|---|---|
| (क) सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | संयोजक |
| (ख) सहसचिव, योजना महाशाखा, वन तथा भू-संरक्षण मन्त्रालय | सदस्य |
| (ग) महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग | सदस्य |
| (घ) महानिर्देशक, वन विभाग | सदस्य |
| (ङ) व्यवस्थापन समितिको संयोजक | सदस्य सचिव |

(२) निर्देशन समितिको बैठक आवश्यकतानुसार बस्नेछ ।

## १२. बाघ, गैडा, चितुवा लगायतका जनावरलाई उद्धार गरी ढुवानी/ओसार पसार गर्दा ध्यान दिनु पर्ने कुराहरु :

### १२.१. खोर :

(क) खोरमा हावा छिर्ने र वन्यजन्तुको अधिकतम आकार बमोजिम स्टील, फलाम वा काठको खोर निर्माण गर्नु पर्नेछ । तर उक्त खोरमा जनावर घुम्न, फर्किन नमिल्ने हुनु पर्दछ ।

(ख) वन्यजन्तु उभिंदा खोरको उचाईको हकमा कम्तिमा १० से.मी.को खाली ठाउं हुनु पर्दछ ।

(ग) खोरको भित्री भाग वन्यजन्तुलाई घाउ चोटपटक नलाग्ने गरी चिल्लो बनाउनु पर्नेछ ।

(घ) खोर सफा गर्दा निस्कने वन्यजन्तुको दिसा पिसाव लगायतको फोहोर मैला व्यवस्थापनको लागि खोरको तल्लो भागमा संकलन हुने गरी निर्माण गर्नु पर्दछ ।

(ङ) खोरको छत पूर्ण रुपमा हावा आवतजावत हुने गरी निर्माण गर्नु पर्दछ ।

(च) खोर निर्माण गर्दा वन्यजन्तुलाई असर नहुने गरी आवश्यकता अनुसार मेसजाली, फलामे बार आदिको प्रयोग गर्नु पर्दछ ।

(छ) खोर निर्माण गर्दा खोरलाई बोक्न, उठाउन सजिलो हुने गरी समात्ने ठाउंहरु राख्नु पर्दछ ।

(ज) वन्यजन्तुको खाना, पानी आदिको लागि खोरभित्र राख्न मिल्ने गरी निर्माण गर्नु पर्दछ ।

(झ) माथि उल्लेख भएका कुराहरुको अतिरिक्त प्राविधिक दृष्टिकोणले उपयुक्त ठानिएका कुराहरु समावेश गर्नु पर्नेछ ।

## १२.२. वन्यजन्तुलाई लठ्याउन डार्ट (Dart) गर्नु पूर्व ध्यान दिनु पर्ने कुराहरु :

(क) लठ्याउनु पर्ने वन्यजन्तुलाई नियन्त्रणमा लिनु भन्दा अगाडि सुरक्षाको दृष्टिकोणबाट मानिसलाई हानी नोक्सानी नहुने अवस्था हुन आवश्यक छ । लठ्याउने कार्य रुख/मचान/तालिम प्राप्त हात्ती/गाडी आदि माथि बसेर गर्नु पर्दछ ।

(ख) लठ्याउने कार्य वन्यजन्तुको आनिबानी थाहा पाएका अनुभवी प्राविधिक वा पशु चिकित्सकको नेतृत्वमा  पानीको स्रोत भन्दा टाढा गर्नु पर्दछ ।

(ग) डार्ट गर्दा वन्यजन्तुको अगाडि र पछाडि खुट्टाको मासु भएको (Hind quarter) भागमा गर्नु पर्दछ ।

(घ) यस सम्बन्धमा फिल्डमा खटिएको प्राविधिक टोलीको प्रमुखले अवस्था अनुसार स्थलगत रुपमै उपयुक्त निर्णय लिन सक्नेछ ।

## १२.३. लठ्ठिने अवधि :

(क) डार्ट गरिसकेपछि वन्यजन्तु लठ्ठिनको लागि कम्तिमा १० देखि १५ मिनेट समय लाग्दछ । सो अवधिमा जनावरलाई कुनै किसिमको वाधा अवरोध गर्नु हुंदैन ।

(ख) प्राविधिक टोलीले आफ्नो सुरक्षालाई ध्यान दिई वन्यजन्तु पूर्ण रुपमा लठ्िएर नढले सम्म नजिकबाट प्रत्येक गतिविधीको ख्याल गर्नु पर्दछ ।

## १२.४. लठ्िठएको वन्यजन्तुको व्यवस्थापन (Handling and Care of the Immobilized Animal) :

पूर्ण रुपमा लठ्िठएर ढलेको वन्यजन्तुको नजिकमा शान्त भएर गई देहाय बमोजिमका कार्यहरु प्राविधिकले गर्नु पर्दछ ।

(क) वन्यजन्तुको शरिरमा लागेको डार्ट सिरिन्ज हटाई रेकर्ड लिने ।

(ख) प्रत्यक्ष घाम, धुलो र चोटपटकबाट बचाउनको लागि आंखा र कान कालो कपडाले छोप्ने ।

(ग) वन्यजन्तु ढलेको अवस्था ठिक भए नभएको सुनिश्चित गरी श्वासप्रश्वास, रक्त सञ्चार तथा शारिरीक तापक्रमको गति जाँच गर्ने ।

(घ) अत्याधिक गर्मी भएको अवस्थामा भिजाइएको कपडाले वन्यजन्तुको शरिरलाई ढाकि दिन सकिनेछ ।

## १२.५. वन्यजन्तुको ओसारपसार :

(क) वन्यजन्तु एक ठाउंबाट अर्को ठाउंमा ढुवानी/ओसारपसार गर्दा पशु चिकित्सक र वन्यजन्तु प्राविधिक टोलीको प्रत्यक्ष निगरानीमा गर्नु पर्दछ ।

(ख) वन्यजन्तु ढुवानी/ओसारपसार गर्दा जनावर वीच बाटोमा घाइते/अशक्त/भाग्ने अवस्था भएमा पशु चिकित्सक र वन्यजन्तु प्राविधिक टोलीले तत्कालै आवश्यकता अनुसारको कार्य गर्नु पर्दछ ।

(ग) वन्यजन्तु ढुवानी/ओसारपसार गर्दा वन्यजन्तुलाई बाटोमा कुनै पनि किसिमबाट तनाव हुने कार्य गर्न पूर्ण रुपमा निषेध गरिएको छ ।

(घ) ढुवानी/ओसारपसार गर्दा खोरलाई त्रिपाल/प्लाष्टिक जस्ता वस्तुले नछोपी खोरभित्र हावा खेल्न दिनु पर्दछ ।

(ङ) सकभर ढुवानी/ओसारपसार कार्य सूर्योदय देखि सूर्यास्तसम्म गरी सक्नु पर्दछ । तर विशेष परिस्थितीमा रातको समयमा काम गर्न वाधा पुग्ने छैन् ।

(च) सुरक्षाको लागि नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, सशस्त्र वन रक्षकबाट प्रबन्ध मिलाई ढुवानी/ओसारपसार गर्नु पर्दछ ।

१२.६. उल्लेखित कार्य सम्पन्न गर्दा अन्तरराष्ट्रियस्तरमा अपनाइएको विधि र प्रक्रियालाई अबलम्वन गर्दै विधि सहितको सम्पूर्ण विवरण समावेश गरी खटिएको कार्यदल प्रमुखबाट व्यवस्थापन समिति समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

१२.७. उपरोक्त कार्यमा हुने मानवीय चाप (भिड) नियन्त्रण गर्नको लागि सम्बन्धित आ-आफ्नो क्षेत्रमा जिल्ला वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालयको नेतृत्व र समन्वयमा जिल्लास्थित सुरक्षा निकाय, स्थानीय समुदायमा गठन भएका

समूह/समितिहरुलाई परिचालन गर्नु पर्नेछ। भिड नियन्त्रण गर्ने दायित्व सम्बन्धित क्षेत्रको सुरक्षा निकायको हुनेछ।

## १३. उद्धार गरिएका वन्यजन्तुको मृत्यु भएमा गरिने व्यवस्था :

(क) वन्यजन्तु उद्धार गर्ने क्रममा, उद्धार गरी ढुवानी/ओसारपसार गर्दा, उद्धार केन्द्रमा रहँदा, उपचार गर्दागर्दै मृत्यु भएमा पशु चिकित्सकबाट पोष्टमार्टम गरी फोटो सहितको मुचुल्का खडा गरी अभिलेख राख्नु पर्दछ।

(ख) पोष्टमार्टमपछि उद्धार केन्द्र वा जिल्ला वन कार्यालय, संरक्षित क्षेत्र कार्यालयको परिसरभित्र गहिरो खाडल खनेर झिक्न/निकाल्न नमिल्ने गरी गाड्नु पर्दछ।

(ग) मृत्यु भएका सबै वन्यजन्तुको विवरण अद्यावधिक गरी वार्षिक प्रतिवेदनमा समावेश गर्नु पर्दछ।

(घ) हरेक वन्यजन्तुको फोटो सहितको अभिलेखको प्रतिवेदन तयार गर्नु पर्नेछ।

## १४. कार्यविधि संशोधन वा परिमार्जन सम्बन्धी व्यवस्था :

यो कार्यविधि नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयबाट संशोधन वा परिमार्जन हुनेछ।

## १५. विवाद निरुपण :

यो कार्यविधि कार्यान्वयन गर्दा आउन सक्ने विवादको निरुपण राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले गर्नेछ। सोउपर चित्त नबुझेमा वन तथा भू-संरक्षण मन्त्रालय समक्ष पुनरावेदन गर्न सकिनेछ। यस सम्बन्धमा मन्त्रालयले दिएको निर्णय अन्तिम हुनेछ।

## १६. बचाउ :

(क) हाल भएका र पछि स्थापना हुने केन्द्र पनि यसै कार्यविधि अनुसार सञ्चालन हुनेछ।

(ख) सम्बन्धित जिल्ला वन कार्यालय वा संरक्षित क्षेत्र कार्यालयले यसै कार्यविधि बमोजिम कार्य गर्नु पर्नेछ।

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा भू-संरक्षण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७
सिंहदरबार, काठमाण्डौ

**योजना महाशाखा**

पत्र संख्या:-
चलानी नं :- ९८०
प्राप्त पत्र संख्या र मिति:

मिति : २०७३।०६।२०

**विषय : वन्यजन्तु उद्दार एवं उद्दार केन्द्र व्यवस्थापन कार्यविधि, २०७३ सम्वन्धमा ।**

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग,
बबरमहल काठमाडौं ।

नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७३।०६।१८ को निर्णय वमोजिम **वन्यजन्तु उद्दार एवं उद्दार केन्द्र व्यवस्थापन कार्यविधि, २०७३** स्विकृत भएकाले कार्यान्वयनको लागी स्विकृत प्रति १ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०७३/०६/२०
भुवन तिमल्सिना
स. योजना अधिकृत

सचिव : ४२११५६७, वातावरण: ४२११८९२, प्रशासन: ४२११८९१, योजना: ४२११९३६, अनुगमन: ४२११८६४; वैदेशिक: ४२११८६२, फ्याक्स : ४२११८६८